नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना प्रविधि विभाग

गैह्रिगाउँ, तिनकुने, काठमाडौं

## सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति सम्बन्धी सूचना

प्रकाशित मिति २०८२/०१/२९

सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१ अनुरुप स्वदेशी विश्वविद्यालय वा त्यस्तो विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त शिक्षण संस्थामा सूचना प्रविधि विषय लिई स्नातक, स्नातकोत्तर, एम.फिल. वा विद्यावारिधि तहमा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीहरूलाई निर्धारित कोटामा जनही एकमुष्ठ रु. ५०,०००/- (पचास हजार रुपैयाँ) छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम भएको हुँदा इच्छुक विद्यार्थीहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन तदनुसार २०८२ जेठ १२ गते कार्यालय समयभित्र "सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१" को अनुसूची १ को ढाँचा अनुसार निवेदन र आवश्यक कागजातहरू सहित यस विभागमा रितपूर्वक दरखास्त दिनु हुन वा दरखास्त र अन्य कागजातहरू Scan गरी यस विभागको ईमेल ठेगाना scholarship@doit.gov.np मा पठाउन हुन यो सूचना प्रकाशन गरिएको छ ।"सूचना प्रविधि विषयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८१" र सूचना यस विभागको वेबसाइट https://doit.gov.np/ बाट प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ । म्याद नाघी वा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**कार्यविधिको दफा (८) र (९) बमोजिम दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू :**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) शैक्षिक योग्यताका प्रमाणपत्र/लब्धाङ्कपत्रका प्रमाणित प्रतिलिपि ।

(ग) सरकारी वा सामुदायिक विद्यालयबाट एस.इ.इ./एस.एल.सी. अध्ययन गरेको भए सम्बन्धित स्थानीय तहबाट सरकारी वा सामुदायिक विद्यालय हो भनी प्रमाणित सिफारिस पत्र ।

(घ) आर्थिक विपन्नताको हकमा स्थानीय तहको सिफारिश पत्र ।

(ङ) अध्ययनरत शिक्षण संस्थाबाट अध्ययन गरिरहको र अन्य कुनै छात्रवृत्ति नलिएको सिफारिश पत्र ।

थप जानकारीका लागि - कार्यालयको फोन नं : १-४११२३३४, १-४११७९४०, १-४११२३२९

सूचना अधिकारी - श्री प्रकाश दवाडी, कम्प्युटर अधिकृत (सम्पर्क नं: ९८४१२०३८३२)